## मिति २०८१ पौष १४ गतेको कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रस्ताव नं. १ : अघिल्लो कार्यपालिका बैठकको समीक्षा सम्बन्धमा ।

प्रस्ताव नं. २ : जलवायु दिवसको व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं. ३ : खर्च प्रगति सम्बन्धमा ।

प्रस्ताव नं. ४ : बृहत्त स्वास्थ्य शिविर संचालन सम्बन्धमा ।

प्रस्ताव नं. ५ : वडा नं. ४ र १२ को फर्निचर व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं. ६ : नदीजन्य पदार्थ उत्खनन् अनुमति सम्बन्धमा ।

प्रस्ताव नं. ७ : मेलम्ची नदी दोभान आसपासको जोखिमयुक्त नदीजन्य पदार्थ उत्खनन् सम्बन्धमा ।

प्रस्ताव नं. ८ : स्थानीय विदा सम्बन्धमा ।

प्रस्ताव नं. ९ : आर्थिक सहायता प्रदान गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १० : विद्युत पोल र तारको व्यवस्थापनको लागि नेपाल विद्युत प्राधिकरणलाई अनुरोध गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ११ : नेवा: देय् दबू मेलम्ची नगर समितिबाट आयोजित धिमे बाजा प्रशिक्षणको खर्च उपलब्ध गराउने सम्बन्धमा ।

प्रस्ताव नं. १२ : बाटो निर्माणका लागि बजेट उपलब्ध गराउने सम्बन्धमा ।

प्रस्ताव नं. १३ : कल्भर्ट एवं ग्याबिन संरक्षणको लागि बजेट उपलब्ध गराउने सम्बन्धमा ।

प्रस्ताव नं. १४ : औषधि खरिदको लागि श्रोत सूनिश्चितता गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १५ : मेलम्ची नगर अस्पतालको प्राविधिक परीक्षण गर्न राष्ट्रिय सतर्कता केन्द्रलाई अनुरोध गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. १६ : टुकी संघ सुनकोशीको सहयोगमा कार्यक्रम संचालनका लागि वडा छनौट सम्बन्धमा ।

# निर्णयहरु

निर्णय नं. १ : नगर कार्यपालिकाको मिति २०८१/०८/२८ गतेको बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको सम्बन्धमा आजको यस कार्यपालिका बैठकमा छलफल तथा समीक्षा गरियो । हालसम्म कार्यान्वयन हुन नसकेका निर्णयहरू तत्काल कार्यान्वयन गर्न कार्यालयलाई निर्देशन गर्ने निर्णय गरियो ।

निर्णय नं. २ : मेलम्ची नगरपालिकाको आयोजनामा मिति २०८१ पौष १७ (जनवरी १, सन् २०२५) गते मेलम्ची नगरपालिका वडा नं. ९ स्थित गुफाडाँडामा हुन गइरहेको जलवायु दिवस कार्यक्रम मनाउने सम्बन्धमा आवश्यक छलफल, तयारी र व्यवस्थापनका लागि मिति २०८१/०८/२८ गतेको कार्यपालिका बैठकबाट वन, वातावरण तथा विपद् व्यवस्थापन समितिका संयोजक श्री पासाङ तामाङको संयोजकत्वमा गठित कार्यदलले पेश गरेको प्रतिवेदन माथि छलफल गरियो । साथै, कार्यदलले कार्यक्रम संचालन एवं व्यवस्थापनको लागि पेश गरेको लागत सहितको प्रतिवेदन स्वीकृत गरी जलवायु दिवसका कार्यक्रमहरु संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३ : मेलम्ची नगरपालिकाबाट आ.व. २०८१/०८२ को हालसम्म भएको चालु तथा पूँजीगत खर्चको खर्च प्रगति (चालु तर्फ २२.५ प्रतिशत र पूँजीगत तर्फ ४.७७ प्रतिशत) का विषयमा कार्यपालिका बैठकमा जानकारी गराइयो ।

निर्णय नं. ४ : मेलम्ची नगरपालिका र जेरियाट्रिक सोसाइटी अफ नेपालको संयुक्त साझेदारीमा मेलम्ची नगरपालिका वडा नं. ४, ५, १०, ११, १२ र १३ लगायत अन्य वडाका स्थानीय ज्येष्ठ नागरिक, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य उपचारका लागि मेलम्ची नगरपालिका वडा नं. १२ स्थित बाहुनेपाटीमा मिति २०८१ चैत्र ९ गते जेरियाट्रिक सोसाइटी अफ नेपालको चिकित्सक र औषधि सहितको प्राविधिक सहयोग र उक्त कार्यक्रम संचालनका लागि आवश्यक खाना, खाजा, आवास, कर्मचारी तथा अन्य व्यवस्थापन खर्च मेलम्ची नगरपालिका अन्तर्गत महिला, बालबालिका तथा सामाजिक समावेशीकरण शाखाको ज्येष्ठ नागरिक एवं अपाङ्गता सम्बन्धी स्वास्थ्य शिविर कार्यक्रम शिर्षकबाट खर्च हुने गरी बृहत्त स्वास्थ्य शिविर कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५ : मेलम्ची नगरपालिका अन्तर्गत वडा नं. ४ र १२ को प्रशासनिक भवन निर्माण भइसकेको तर उक्त भवन संचालनको लागि आवश्यक फर्निचर तथा फिक्स्चर्स शिर्षकमा रकम विनयोजन नभएकाले निर्माण सम्पन्न भइसकेका वडा कार्यालयको भवनलाई यथासिघ्र संचालनमा ल्याउन आगमी नगर

सभाबाट अनुमोदन गर्ने गरी विविध सार्वजनिक निर्माण शिर्षकबाट प्रति वडा रु. १० लाखका दरले जम्मा रु. २० लाख रकमान्तर गर्ने निर्णय गरियो।

निर्णय नं. ६ : ईन्द्रावती तथा मेलम्ची नदी क्षेत्र भित्र प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनले निर्धारण गरेको क्षेत्रमा ढुङ्गा, गिटी, बालुवा लगायतका नदीजन्य पदार्थको बिक्री मार्फत आन्तरिक राजस्व संकलनका लागि सुदिपा ट्रेडिङ्ग कम्पनी प्रा.लि. संग भएको ठेक्का सम्झौता बमोजिम ठेक्का भित्र समावेश भएका र प्रारम्भिक वातावरीय परीक्षण प्रतिवेदनले निर्धारण गरेका क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन्का लागि सम्बन्धित ठेकेदार कम्पनी सुदिपा ट्रेडिङ्ग कम्पनी प्रा.लि.को मिति २०८१/०९/०५ को पत्रबाट सिफारिस भई आएको हुँदा प्रति मेशिन रु. १ लाखका दरले दुई वटा मेशिनरी औजारको जम्मा रु. २ लाख राजस्व लिई मेलम्ची नगरपालिका वडा नं. १० स्थित खहरे बगरको सार्वजनिक क्षेत्रमा नदीजन्य पदार्थ उत्खनन्का लागि नदी प्रवेश आदेश प्रदान गर्ने निर्णय गरियो। त्यसैगरी, मेलम्ची नगरपालिका वडा नं. १३ स्थित ईन्द्रावती नदी तर्फ जाल्पा इन्फ्रास्ट्रक्चर प्रा.लि.को सिमाना देखि गंगा ईन्द्रावती क्रसर उद्योगको सिमानासम्मको क्षेत्रमा सोना क्रसर उद्योगलाई नदीजन्य पदार्थ उत्खनन् गर्न अनुमतीको लागि सुदिपा ट्रेडिङ्ग कम्पनी प्रा.लि.ले मिति २०८१/०९/१४ को पत्रबाट सिफारिस गरेको हुँदा मेलम्ची नगरपालिकाको आर्थिक ऐन, २०८१ मा उल्लिखित क्रसर व्यवसाय कर रु. ९,५०,०००।– लिई नदीजन्य पदार्थ उत्खनन्को लागि अनुमति प्रदान गर्ने निर्णय गरियो।

निर्णय नं. ७ : मेलम्ची नगरपालिकाको ११ नं. वडा कार्यालयको च.नं. ७७७ मिति २०८१/०९/१४ को पत्र र वडा समितिको मिति २०८१/०९/०९ को बैठकको निर्णयबाट मिति २०७८ साल असार १ गते र त्यसपछिका वर्षहरुमा मेलम्ची नदीमा आएको बाढीबाट मेलम्ची नदी र ईन्दावती नदीको दोभान आसपासको क्षेत्रमा ढुङ्गा, गिटी, बालुवा लगायतका नदीजन्य पदार्थहरु थुप्रिन गई नदीको सतह बढ्न गएको र यसबाट मेलम्ची बजार क्षेत्र उच्च जोखिममा रहेकोले, मेलम्ची बजारको विद्यमान र संभावित जोखिम न्यूनीकरण र उक्त क्षेत्रमा थुप्रिएको ढुङ्गा, गिटी, बालुवा लगायतका नदीजन्य पदार्थ उत्खनन् गरी निकाल्नुपर्ने र जोखिमयुक्त ढुङ्गाहरु हटाउनको लागि अनुरोध भई आएकोमा उक्त विषयका सम्बन्धमा आजको यस कार्यपालिका बैठकमा छलफल गरियो। ढुङ्गा, गिटी, बालुवा उत्खनन् बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ को दफा ४ को उपदफा (४) मा विपद् जोखिम संवेदनशील क्षेत्रमा मेशिनको प्रयोग गर्नुपर्ने भएमा जिल्ला विपद् व्यवस्थापन समितिको अनुमती लिनुपर्ने कानूनी व्यवस्था भएकोले उक्त व्यवस्था बमोजिम यस नगरपालिकाको वडा नं. ११ स्थित ईन्द्रावती र मेलम्ची नदीको दोभान आसपास क्षेत्रमा मेशिनरी औजारको प्रयोग गरी हाल भएको नदीको सतह गहिर्‍याउन र

नदीमा रहेका ठूला ढुङ्गा र नदीजन्य पदार्थ उत्खननका लागि जिल्ला विपद् व्यवस्थापन समिति, सिन्धुपाल्चोकसंग अनुमती माग गर्ने निर्णय गरियो ।

निर्णय नं. ८ : मेलम्ची नगरपालिकाको आयोजनामा मिति २०८१ पौष १७ गते बुधबारका दिन मेलम्ची नगरपालिका वडा नं. ९ स्थित गुफाडाँडामा बागमती प्रदेश सरकारका मुख्य मन्त्री माननीय बहादुर सिंह लामा (तामाङ)ज्यूको प्रमुख आतिथ्यतामा जलवायु सम्मेलन हुने भएको हुँदा उक्त दिन मेलम्ची नगरपालिका क्षेत्र भित्रका शैक्षिक संस्था एवं नगरपालिका अन्तर्गतका कार्यालयहरुमा स्थानीय बिदा दिने निर्णय गरियो ।

निर्णय नं. ९ : सिन्धुपाल्चोक जिल्ला पाँचपोखरी थाङ्पाल गाउँपालिका वडा नं. ८ स्थायी निवासी ईश्वर भुजेल तथा फुलमाया भुजेलको छोरा सुमन भुजेलको मिति २०८१/०९/०५ गते मेलम्ची नगरपालिका वडा नं. ११ स्थित कात्तिके पुछार टोलमा विद्युत लाइन विस्तार गर्ने क्रममा विद्युत पोल ढली मृत्यु भएको र निजको आर्थिक अवस्था अत्यन्त कमजोर रहेको हुँदा निजको परिवारलाई आर्थिक सहायता उपलब्ध गराइदिन मेलम्ची नगरपालिका वडा नं. ११ को च.नं.७७८ मिति २०८१/०९/१४ को सिफारिस सहित निवेदन पेश भएकोले निज सुमन भुजेलको परिवारलाई विपद् व्यवस्थापन कोषबाट खर्च हुने गरी रु. ५०,०००।– (अक्षेरुपी पचास हजार रुपैयाँ मात्र) आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १० : मेलम्ची नगरपालिका क्षेत्र भित्रका विभिन्न स्थानहरुमा विद्युत पोल र तार भुईंमा लत्रेको कारणबाट दिनप्रतिदिन मानिसहरुको मृत्यु एंवं अन्य दुर्घटनाहरु बढ्दै गएको हुँदा सम्बन्धित वडा कार्यालयसंग समन्वय गरी विद्युत पोल र तारलाई व्यवस्थित बनाई सुरक्षित ढंगबाट विद्युत आपूर्तिको लागि नेपाल विद्युत प्राधिकरण हेलम्बु मेलम्ची वितरण केन्द्रलाई अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. ११ : मेलम्ची नगरपालिका वडा नं. ११ स्थित नेवाः देय् दबू मेलम्ची नगर समितिबाट सांस्कृतिक वाद्यवादन व्यवस्थापन, प्रशिक्षण, सांस्कृतिक पोषाक व्यवस्थापन र धिमे बाजा प्रशिक्षण कार्यक्रमका लागि कूल जम्मा रु. ४,४८,०००।– बजेट तथा कार्यक्रम सहितको प्रस्तावना पत्र पेश भई स्वीकृत भएकोले प्रस्तावित रकम मध्ये सम्बन्धित संस्थाबाट ३० प्रतिशत लागत साझेदारी बेहोर्ने र मेलम्ची नगरपालिकाबाट जनजाती लक्षित कार्यक्रम शिर्षकबाट खर्च हुने गरी रु.२,५०,०००।– (अक्षरुपी दुई लाख पचास हजार रुपैयाँ मात्र) उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. १२ : मेलम्ची नगरपालिका ४ नं. वडा कार्यालयको च.नं. ४२३ मिति २०८१/०९/०८ को पत्रबाट मेलम्ची नगरपालिका वडा नं. ४ स्थित राम्चे पहिरो र सिमलबोट पहिरोको कारण उक्त क्षेत्रका स्थानीय व्यक्तिहरु ओहोरदोहर गर्न कठिनाई भएको र पटक पटक माथिबाट ढुङ्गा झरी दुर्घटना समेत

भएको हुँदा उक्त स्थानको पहिरोमा बाटो खुलाउनको लागि अनुरोध भई आएको हुँदा प्राविधिक लागत इष्टिमेट बमोजिम विपद् व्यवस्थापन कोषबाट खर्च हुने गरी उक्त स्थानको बाटो खुलाउने निर्णय गरियो।

निर्णय नं. १३ : मेलम्ची नगरपालिका ३ नं. वडा कार्यालयको च.नं.७२५ मिति २०८१/०९/१४ को पत्रबाट वडा नं. ३ स्थित सुरुङ मार्ग र मझुवा खोलामा रहेको कल्भर्ट र घटटेखोला, घोड्याङ खोला र जुगेपानी खोल्सामा ग्याबिन मर्मत एवं संरक्षणको लागि आवश्यक बजेट व्यवस्थाको लागि अनुरोध भई आएकोमा प्राविधिक लागत इष्टिमेट बमोजिम खर्च हुने गरी तत्तत् स्थानको कल्भर्ट एवं ग्याबिन संरक्षणको कार्य गर्ने निर्णय गरियो।

निर्णय नं. १४ : मेलम्ची नगरपालिकाबाट औषधि खरिदको लागि ई-बिड मार्फत बोलपत्र आव्हान गरिएकोमा चालु आ.व. २०८०/०८१ को नगर सभाबाट विनियोजन भएको बजेटबाट औषधि खरिदको लागि बजेट नपुग भएको हुँदा आगामी नगर सभाबाट अनुमोदन हुने गरी नगर प्रमुखस्तरबाट निर्णय भएकोमा उक्त औषधि खरिदको लागि नपुग हुने रकम नगरपालिकाको आन्तरिक श्रोतबाट खर्च गर्ने र आगमी नगर सभाबाट अनुमोदन हुने गरी श्रोत सूनिश्चितता गर्ने निर्णय गरियो।

निर्णय नं. १५ : मेलम्ची नगरपालिका वडा नं. ११ डुँडेखोलामा निर्माणको अन्तिम चरणमा रहेको मेलम्ची नगर अस्पतालको प्राविधिक परीक्षण गर्न राष्ट्रिय सतर्कता केन्द्र, काठमाडौंलाई अनुरोध गर्ने निर्णय गरियो।

निर्णय नं. १६ : टुकी संघ सुनकोशी, सिन्धुपाल्चोकको सहयोगमा यस मेलम्ची नगरपालिकामा संचालित अपाङ्गता भएका महिला तथा बालबालिका र संकटाशन्न व्यक्तिहरुको पुनर्स्थापना तथा आर्थिक समावेशिता सेवामा पहुँच वृद्धि परियोजना अन्तर्गत समावेशी, समुदायमा आधारित अनुकूलन र जलवायु उत्थानशील सम्बन्धी कार्यक्रमहरु संचालनका लागि मेलम्ची नगरपालिका वडा नं. ३ र १३ छनौट गर्ने निर्णय गरियो।

२०८१/८/१५